
# अमेरिकामा बस्न मन नलाग्दा

*छत्रबहादुर राई*
*वर्ष ८५*

म छत्रबहादुर राई, पचासी वर्षको भएँ। बाबुको पालामा हामी सङ्खुवासभाबाट इलाम बसाइ सऱ्यौं। हामी बस्ने ठाउँ समालबुङतिर स्कूल थिएन। भाषा पाठशाला सदरमुकाम इलाम बजारमा मात्र थियो। समालबुङबाट सदरमुकाम पुग्न मोटरको बाटो छोडेर चोरबाटो गए पनि एक दिन पूरै हिँड्नुपर्ने। त्यहाँबाट मैले दार्जलिङमा गएर मेट्रिकुलेसन पास गरैं, सेकेण्ड डिभिजनमा।

दार्जलिङमा म पढ्ने स्कूल हाईस्कूलमात्र थियो। त्योभन्दा माथि पढ्न कलकत्ता जानुपर्ने। कलकत्तामा पढ्न महिनाको पन्ध्र रुपियाँले पुग्थ्यो तैपनि त्यति पैसा पाउन मुस्किल हुन्थ्यो। इलाममा त भारतीय रुपियाँ चल्थ्यो। नेपाल राज्यमा लेनदेन सब हिन्दुस्तानी पैसाबाट हुन्थ्यो। नेपाली पैसा फाटफुटमात्रै देखिन्थ्यो। नेपाली पैसाको चलन नै थिएन। अड्डा, मालपोतमा तिरो तिर्दा पनि भारतीय रुपियाँ नै लिन्थ्यो, हाम्रो नेपाली पैसा लिँदैनथ्यो। नेपालको तलब दिँदा पनि भारतीय रुपियाँ नै दिन्थ्यो। नेपाल राज्य भने सार्वभौमसत्तासम्पन्न, अङ्ग्रेजको हातमा नपरेको, स्वतन्त्र तर पैसा भारतीय नै चल्ने। म्याट्रिकुलेसन गरेर हिन्दुस्तानका स्कूलमा छ-सात वर्ष मास्टरी काम गरैं। त्यति बेला प्राइमरी स्कूलमात्र थियो। पछि शिक्षक काम गर्दै थिएँ, दोस्रो विश्वयुद्ध भयो। पैसाको अभाव जस्तो थियो, त्यसैले म उता आर्मीमा गएँ। दार्जलिङको घुम डिपोमा रिक्रुटिङ अफिसमा बसैं। गल्लाको चलन भए पनि त्यहाँ म आफैं गएँ। त्यति बेला भर्ना गर्दा त बीस वर्षभन्दा कम हुनुपर्छ भनिन्थ्यो। सत्र-अठार वर्षको सीमा तोकिएको थियो, तर पनि मान्छे लायक छ भने सिरकुटिङ अफिसरले उमेर घटाएर भर्ना गर्थ्यो।

पदको हिसाबले म हवल्दारसम्म मात्र पुगैं। ब्रिटिसहरूले पढेलेखेको मान्छेलाई त्यति रुचाउँदैनथे। पढेलेखेको मान्छेको अनुशासन ठीक हुँदैन



भन्थे। भनेको टेर्दैन, यिनीहरूले अलि जानेका हुन्छन् भन्थे। त्यसमाथि पढेलेखेकाले राजनीति पनि जान्दछन् भन्ने विचार गरेर अफिसतिर काम गराउँथे। गोली हान्ने ग्याङ्गमा अरू मान्छेहरूलाई लिन्थे। उनीहरूको अनुशासन ठीक हुन्थ्यो, खोलामा पुल हाल भने पुल हाल्थे, बाबुलाई गोली हान भन्दा गोली हान्थे, उनीहरूलाई किरिया त्यसरी खुवाउँथे क्यार ! सन् १९४६ मा ब्रिटिसहरू गए, इन्डियनहरूसँग मेरो मिलाप हुनै सकेन, अनि सन् १९५९ मा म रिटायर भएँ।

म काठमाडौँ बसाइ सर्नुको पनि आफ्नै कथा छ। दार्जलिङमै काम गर्दा भारतीय राजदूताबासको सेक्रेटरी कर्णेल थियो। उसले काठमाडौँमा पूर्वपट्टिको मान्छे कोही छैन अफिसमा काम गर्ने अब उतै हिँड् भन्न थाल्यो। केटाकेटीलाई सोधेको, 'जाऊँ न त ठीकै छ उहाँ पढ्न पनि पाइएला' भने। त्यो पनि आकर्षण भयो एउटा। साँच्चै उनीहरूलाई पढ्ने मौका पनि मिल्यो। यहाँ आईए पढेर अमेरिका गएकी जेठी छोरीले अमेरिकाबाट एम्ए गरी, त्यति बेला माथि पढ्न गाह्रो पनि थियो। साहिँली छोरीले होम साइन्समा एम्ए गरी अहिले आरआर क्याम्पसमा लेक्चरर छ। कान्छी छोरीले बीए गरेको आठ-नौ वर्ष भयो। उसले नोकरी गर्न उति मन गरिन, विवाह पनि गरेकी छैन, आफ्नो-आफ्नो विचार हो। सानो छउन्जेल त कर पनि गरियो। छोराहरूमा जेठो छोराले बीए, बीएड् गरेर हाईस्कूलको टिचर भयो। माइलोले नौसम्म पढेर त्यसै छोड्यो। जहानमा एक-दुई जना त्यस्ता पनि हुँदा रहेछन्। औँला पनि पाँचवटा बराबर हुँदैनन् नि ! कर्णेलका कारण मैले अलिक दिन भारतीय राजदूताबासमा काम गरेँ, काठमाडौँमा। पाँच-छ वर्ष बसेँ। त्यहाँको नोकरीबाट वाक्कै लागेर आयो। नोकरी गर्दा केही चीजले टाउकोमा थिचिरहेको जस्तो लाग्छ। आजको काम के भयो, माथिको अफिसरले केही भन्छ कि भन्ने पीर सधैँ भइरहन्छ।

काठमाडौँअघि मैले ताप्लेजुङमा जागिर खाएँ। त्यहाँ डिस्ट्रिक सोल्जर बोर्डमा सेक्रेटरीको जागिर खाएको थिएँ। त्यसमा धारा बनाउनलाई पाइप, स्कूल बनाउनलाई जस्ता भर्ने जस्ता वेलफेयरको काम गर्नुपर्थ्यो। त्यसपछि नोकरी भन्ने चीजबाट दिक्क लाग्यो। सबै माया मारेर खेती गर्नका लागि म चितवन गएँ बीस सालमा र जमिन लिएँ बाइस

सालमा। चौबीस वर्षजति म चितवन बसेँ। जग्गा चार बिघाजति थियो। त्यति बेला लालपूर्जाको चलन थिएन। झाडीहरू फाँडेर अलिअलि खेती गरेको। त्यस्तो जग्गा मन्जुरीनामा गरेर त्यति बेला उतै बेचियो। त्यति बेला एक बिघाको छ-सात सय रुपियाँ पर्थ्यो। अहिले चितवनको जग्गा पूरै बेचेर काठमाडौँमै बस्छु। मैले त्यहाँ जग्गा राखेर के गर्नु काठमाडौँमै बसिन्छ। ओहोर-दोहोर कसरी गर्ने। बुढेसकालमा भन्ने लाग्यो।

जेठी छोरीको कुरा गर्दै थिएँ नि अमेरिकामा बस्ने, ऊ गएको तेह्र-चौध वर्ष भइसक्यो। अहिले अमेरिकन सरकारकै नोकरी गरिरहेकी छ। विवाह गरिसकी, दुलाहा नेपालकै हो, काठमाडौँ सामाखुसीको। अर्याल भनेपछि बाहुन नै भयो। अन्तरजातीय विवाह हो। अचेल त्यस्तै अन्तरजातीय विवाहको चलन छ नि ! यस्तो बिहेको कुरामा पहिले-पहिले त बाबुबाजेले भनेको कुरा सम्झन्थेँ र, कस्तो-कस्तो लाग्थ्यो। तर आजभोलि त त्यसमा त्यस्तो फरक पर्छ जस्तो लाग्दैन, राम्रै लाग्छ। ज्वाइँको तलमाथिको कुनै कच्याक-कुचुक छैन। राम्रो घरजम गरेर बसेका छन्। छोरीले मलाई अमेरिका पनि बोलाई र सत्र-अठार महिना उतै बसेर आएँ। न्यूयोर्कमा पहिला-पहिला जाँदाखेरि रमाइलो लाग्यो। हाम्रो देश हेरेर त रमाइलो छ, पैसावाल मान्छेहरू छन्। यहाँको रमाइलो र उहाँको रमाइलो भिन्दा-भिन्दै किसिमको छ। उहाँका मान्छे, घर, रहनसहन, चीज हेर्दाखेरि राम्रै छ, तर मलाई सधैँ बस्न मन लागेन। आफ्नै देशमा जन्मियो, हुर्कियो, मर्ने बेलामा के अर्काको देशमा बस्नु भन्ने मेरो विचारमा आयो, छोरीले अस्ति आउँदाखेरि पनि जाऊँ भनी तर मैले, भैगो तिमीले घुमायौ मैले हेरेँ, यस्तो रहेछ अमेरिका भनेर थाहा भयो। पहिले कस्तो होला अमेरिका जस्तो लाग्थ्यो, अहिले आफैँ पुगेँ, त्यही नै मलाई सन्तोष छ भनेँ। उनीहरूलाई पनि अहिलेलाई ठीकै छ, तर पछि आफ्नै देशमा फर्क भन्ने सल्लाह पनि दिएँ। उनीहरूलाई अहिले भने बैँस हुन्जेल त ठीकै छ। विदेशी सरकारले तलब, बस्ने ठाउँ राम्रै दिएको छ। पछिसम्म यस्तै हुन्छ जस्तो लाग्दैन। पछि तिमीहरू आफ्नो देशमा जाऊ भन्ने कुरा आउँछ कि जस्तो लाग्छ। बर्मामा त्यस्तै भयो नि ! धनसम्पत्ति कमाएर बसेकालाई पनि धपायो।

यहाँ बस्छौ भने यहाँको नागरिकता लेओ नत्र आफ्नो देश फर्केर जाओ भन्यो बिचराहरूलाई। सत्तरी-सत्तरी रुपियाँ दिएर जहाजमा पठाइदियो। आफ्नो धनसम्पत्ति त्यहीँ छाडेर आए। यो तिमीहरूको नेपाल लाने चीज होइन, यो बर्माको सम्पत्ति हो भनेपछि के लाग्यो र उनीहरूको ?

म अमेरिकाबाट फर्कनुको मूल कारणचाहिँ मेरो भित्री हिसाब देशभक्ति जस्तै हो। उहाँ उनीहरूको रहनसहन हेरेँ। उनीहरूको माया गराइ नेपालको भन्दा भिन्दै किसिमको रहेछ। आमाबाबुको सम्पत्ति छ भने छोराछोरीले त्यसको आशा पनि नगर्ने रे, दिँदा पनि नदिने। आफ्नो प्रपर्टी भए चन्दास्वरूप अस्पताललाई अथवा ट्रस्टहरूमा राखिदिने चलन रहेछ।

मेरी जहानचाहिँ उतै बस्छिन्। छयहत्तर-सतहत्तर वर्षकी भइन्, छोरीले उनलाई लान्छु भनी, घरसल्लाह गर्‍यौँ, जाऊ भनेर पठाइदिएँ।

*(२०५५/७/२३ मा गरिएको अन्तर्वार्तामा आधारित)*

## अमेरिकामा बस्न मन नलाग्दा

(छत्रबहादुर राई)

| | |
|---|---|
| बसाइ सर्नु | to shift one's place of residence |
| भाषा पाठशाला | traditional school teaching Sanskrit curriculum |
| सदरमुकाम | town where district headquarters are located |
| चोरबाटो | a direct route |
| | |
| राज्य | kingdom |
| लेनदेन | taking and giving; monetary exchanges |
| फाटफुट | scattered, rare |
| चलन | custom |
| अड्डा | office |
| मालपोत | revenue office |
| तिरो तिर्नु | to pay taxes |
| तलब | wages |
| सार्वभौमसत्तासम्पन्न | sovereign |
| स्वतन्त्र | independent |
| मास्टरी काम | school teaching |
| दोस्रो विश्वयुद्ध | the Second World War |
| अभाव | lack |
| घुम डिपो | Ghoom Depot |
| गल्ला | recruiting party |
| भर्ना गर्नु | to enrol, sign up |
| सीमा | border, limit |
| तोकिनु | to be set, laid down |
| लायक | worthy of |
| सिरकुटिङ् | recruiting (typo??) |
| | |
| पद | rank |
| -को हिसाबले | in terms of |
| हवल्दार | sergeant |
| रुचाउनु | to like, have a taste for |
| अनुशासन | discipline |
| टेर्नु | to obey |
| राजनीति | politics |
| गोली हान्नु | to shoot |
| -याङ्क | rank |
| किरिया | oath |
| मिलाप | reconciliation |
| | |
| कथा | story |
| राजदूताबास | embassy |
| आकर्षण | attraction |
| मौका | opportunity |

| | |
|---|---|
| आईए | I.A. |
| एमए | M.A. |
| क्याम्पस | campus |
| बीए | B.A. |
| नोकरी गर्नु | to work in 'service' |
| कर गर्नु | to force |
| जहान | family |
| औंला | finger |
| बराबर | equal, same |
| अलिक | a few |
| वाक्कै लाग्नु | to get fed up |
| चीज | thing |
| थिचिनु | to be pressed down |
| पीर | worry, pain |
| | |
| जागिर | salaried post |
| धारा | water source |
| दिक्क लाग्नु | to get tired of something |
| माया मार्नु | to give up an attachment |
| बीस सालमा | in the year 20 (i.e. in AD 1963/4) |
| जमिन | land |
| जग्गा | land |
| बिघा | one bighā (=5/8 of an acre) |
| लालपूर्जा | registration document proving land ownership |
| झाडी | forest |
| फाँड्नु | to fell, clear forest |
| मन्जुरीनामा | a deed of agreement |
| बेचिनु | to be sold |
| ओहोर-दोहोर | coming and going |
| बुढेसकाल | old age |
| | |
| सरकार | government |
| दुलाहा | bridegroom |
| सामाखुसी | a district of Kathmandu |
| अन्तरजातीय | intercaste |
| अचेल | nowadays |
| ज्वाइँ | son-in-law |
| तलमाथि | not quite exact |
| कच्याक-कुचुक | bending and spoiling: fuss? |
| घरजम | household |
| बोलाउनु | to call, invite |
| पैसावाल | rich |
| भिन्दा-भिन्दै | various |
| रहनसहन | way of life |
| जन्मिनु | to be born |
| हुर्कनु | to be reared |

| | |
|---|---|
| भैगो | that's it, it's over |
| घुमाउनु | to take on a tour |
| सन्तोष | satisfaction |
| सल्लाह | advice |
| बैंस | maturity, adulthood |
| बर्मा | Burma |
| धनसम्पत्ति | wealth |
| कमाउनु | to earn |
| धपाउनु | to chase out |
| नागरिकता | citizenship |
| नत्र | otherwise |
| बिचरा | poor thing |
| जहाज | ship |
| सम्पत्ति | wealth |

| | |
|---|---|
| मूल | main, basic |
| भित्री | inner |
| देशभक्ति | devotion to one's country |
| माया गराइ | manner of affection |
| प्रपर्टी | property |
| चन्दास्वरूप | in the form of a donation |
| घरसल्लाह | domestic consultation |